कृषि तथा वन विज्ञान विश्वविद्यालय
# कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
# Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: ..........................

मिति : २०८०/०५/१५

## कृषि स्नातक (B. Sc. Ag.) तहको प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८०/८१ का लागि यस संकाय र अन्तर्गतका आंगिक कलेजहरु प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर, कास्की; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट, सिन्धुली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर, कैलाली; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाखिबास, धनकुटा; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, बर्दिवास, महोत्तरी; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, खजुरा, बाँके; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, माडीचौर, रोल्पा; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, दुल्लु, दैलेख तथा सम्बन्धन प्राप्त निजी कलेजहरु: ब्राईट मध्यपश्चिम कृषि तथा वन विज्ञान क्याम्पस, विरेन्द्रनगर, सुर्खेत; भ्याली कृषि क्याम्पस, चापागाँउ, ललितपुर; रामनगर टेक्निकल एण्ड व्यवस्थापन कलेज प्रा.लि., सुनवल, नवलपरासी; पूर्वाञ्चल कृषि क्याम्पस, गौरादह, झापा; जिविका कृषि विज्ञान कलेज, इटहरी, सुनसरी; गोर्खा पोलिटेक्निक कलेज एण्ड रिसर्च सेन्टर, बैजनाथ, बाँके; हिमछायाँ कलेज, गैडाकोट, नवलपरासीमा कृषि स्नातक (B. Sc. Ag.) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट भर्नाका लागि आवेदन माग गरिएको छ। उक्त तहको भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ। आवेदकले Online आवेदन फारामको साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र(Equivalence Certificate)(विदेशी शैक्षिक संस्थाहरुको हकमा मात्र) पेश गर्नुपर्नेछ। विभिन्न कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scanning गरी संलग्न गर्नु पर्नेछ।

**१) आवश्यक न्युनतम शैक्षिक योग्यता :**

SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा 'C' Grade मा उर्त्तीण भई आई.एस्सी (विज्ञान) वा १०+२ विज्ञान वा १०+२ (कृषि विज्ञान) विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, बायोलोजी एवं कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा 'C' Grade का साथै कूल प्राप्ताङ्कमा 'C+' Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ। Theory र Practical दुबै भएको विषयको हकमा एकमुष्ट कम्तीमा 'C' Grade हुनुपर्नेछ। योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन।

**२) आवेदन फाराम र प्रवेश परीक्षाको शुल्क :** प्रवेश परीक्षा शुल्क रु.४,०००।- मात्र तोकिएको छ। सो रकम आवेदन फाराम भर्ने स्थानमा रहेको e-sewa, Khalti App तथा Connect IPS बाट पनि रकम जम्मा गर्न सकिनेछ । साथै Siddhartha Bank को Mobile Banking App को Payment Menu बाट AFU Entrance मार्फत पनि जम्मा गर्न सकिनेछ। रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोवाइल नम्वर अनिवार्य लेखिएको हुनु पर्नेछ। एकै मोबाइल नम्बरमा एक भन्दा बढि आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । अनलाइन माध्यमबाट रकम जम्मा गर्दा कृषि सकाय वाहेक अरु संकाय छनोट गरि रकम दाखिला गरे आवेदन दिन नमिल्ने साथै सो रकम फिर्ता पनि नहुने हुँदा संकाय निश्चित गरेर मात्र जम्मा गर्नु पर्नेछ।

**(३) आवेदन फाराम भर्ने अवधि:** मिति २०८० भाद्र १५ गते देखि २०८० असोज १२ गते राती १२:०० बजेसम्म यस विश्वविद्यालयको वेभसाइट https://entrance.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ। Online आवेदन प्रक्रियामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ। रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको Online आवेदन उपर कुनै कारवाही गरिने छैन ।

**(४) Online application** बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फाराम तथा अन्य कागजपत्रहरु उपर कुनै कारवाही गरिने छैन। साथै कुनै कारणले कुनै कागजपत्र नपुगेमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुने छैन।

**(५) प्रवेश पत्र वितरण मिति र स्थान :** २०८० असोज १७ गते बिहान ९:०० बजेबाट **Online** विधिद्वारा **www.afu.edu.np** बाट **प्रवेशपत्र Download** गरी **Print** गर्नु पर्नेछ।

**(६) प्रवेश परीक्षा हुने मिति र स्थान :** २०८० असोज १८ गते विहान ११:०० वजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन र काठमाण्डौं ।

**(७) भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्क १००% अङ्क भार दिइनेछ। सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै भर्नाको लागि नामवली प्रकाशन गरिनेछ। प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% हुनेछ। अङ्क बराबर भएमा क्रमशः I. Sc./10+2 कुल प्राप्ताङ्क (CGPA) र क्रमश SEE/SLC को कुल प्राप्ताङ्क, वोटानी, जुलोजी, केमेष्ट्री, फिजिक्स,गणितमा प्राप्त अङ्कलाई आधार लिईने छ।

(८) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न विषयहरुबाट कुल **१२० वटा** प्रश्नहरु समावेश गरी प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ। साथै परीक्षा अवधि एक घण्टा तीस मिनेट हुनेछ।

क) अग्रेजी-२० ख) केमेष्ट्री-२० ग) फिजिक्स-१० घ) बोटानी-२०

ङ) जुलोजी-२० च) गणित-१० छ) कृषि-१४ ज) सामान्य ज्ञान-६

(९) प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्द्व पिडित, छात्रा, स्टाफ, विश्वविद्यालय र कलेज विकास कोष (UDF/CDF) र स्थानीय कोटाको विद्यार्थीहरुको लागि तपशिल बमोजिम संख्या निर्धारण गरिएको छ । सबै प्रदेशहरुको प्रादेशिक कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयवाट एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी भएको व्यहोराको लागि महानगरपालिका /उपमहानगरपालिका /नगरपालिका वा गाँउपालिका कार्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ। प्रादेशिक कोटा अर्न्तगत पढ्नको लाीग स्थायी ठेगाना र सामुदायिक विद्यालयमा अध्ययन गरेको एकै प्रदेश अर्न्तगतको हुनु पर्नेछ। अन्यथा त्यस्ता निवेदन उपर कुनै कारवाही हुने छैन। छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि नियमानुसार तपशिल वमोजिमका सम्बन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसारको प्रमाणपत्र वा सिफारिश पत्र Online बाट नै आवेदन दिनुपर्नेछ तर अपाङ्ग कोटाको लागि वर्ग र योग्यताक्रमको समेत आधारमा भर्नाको लागि छनौट गरिनेछ।

**तपशिल:**

**(क) दलित कोटा:** राष्ट्रिय दलित आयोग/स्थानीय निकाय ।

**(ख) मधेशी कोटा:** सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय ।

**ग) जनजाती कोटा:** आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानीय निकाय ।

| सि. नं. | विवरण | कृषि संकाय, रामपुर | पुरुञ्चौर, कास्की | कपिलाकोट, सिन्धुली | टिकापुर, कैलाली | पाखिबास, धनकुटा | बर्दिवास, महोत्तरी | खजुरा, बाँके | माडीचौर, रोल्पा | दुल्लु, दैलेख |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेरीट | ७४ | २० | २० | २० | २० | २० | २० | २० | २० |
| २ | प्रदेश | | १० | १० | १० | १० | १० | ५ | ५ | १० |
| ३ | दलित | ६ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ४ | जनजाती | ६ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ५ | मधेशी | ६ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ६ | अपाङ्ग | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ७ | शहिद परिवार | २ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ८ | द्वन्द पिडित | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ९ | छात्रा | ९ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| १० | सहुलियत शुल्क, स्टाफ कोटा | ४ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ११ | स्टाफ पूर्ण शुल्क | २ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| १२ | पूर्ण शुल्क UDF/CDF | ४५ | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ | १२ |
| १३ | पूर्ण शुल्क स्थानिय कोटा | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| | जम्मा | १६२ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ४९ | ४९ | ५४ |

**(घ) अपाङ्ग कोटा:** वालवालिका, महिला तथा समाज कल्याण मन्त्रालय/स्थानीय निकाय ।

**(ङ) शहिद परिवार कोटा:** आवेदकको नाता (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

**(च) द्वन्द्व पिडित परिवार कोटा:** आवेदकको नाता खुलेको(श्रीमान्, श्रीमती, छोरा, छोरी)प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

**(छ) स्टाफ कोटा:** सम्वन्धित शिक्षक तथा कर्मचारी र आवेदकको नाता खुलेका (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यरत निकाय प्रमुखको सिफारिस ।

**(ज) स्थानीय कोटाः** कृषि संकाय र कलेजहरु अवस्थित स्थानको स्थानीय निकाय (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाँउपालिका) को सिफारिश पत्र ।

**(१०)** कृषि संकाय, रामपुरको लागि १६२ र आंगिक कलेजहरु पुरुन्चौर, कास्की; कपिलाकोट, सिन्धुली; टिकापुर, कैलाली; पाखिबास, धनकुटा; बर्दिवास, महोत्तरी; दुल्ल, देलैखको लागि प्रति कलेज ५४ र खजुरा, बाँके र माडीचौर, रोल्पाको लागि प्रति कलेज ४९ जना विद्यार्थी भर्ना लिइनेछ । विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् वा अन्य संघ संस्थावाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु र कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट सिफारिस भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिने छैन । सम्पूर्ण कोटाहरुको भर्ना प्रवेश परीक्षाको योग्यताक्रम (Merit) को आधारमा हुनेछ र सम्वन्धन प्राप्त निजी कलेजहरुको हकमा ५०/५० जना विद्यार्थी संख्या निर्धारण गरिएको छ ।

**<u>तपशिलः भर्ना कोटा विवरण</u>**

नोटः लुम्बिनी प्रदेशको प्रादेशिक कोटालाई प्राकृतिक स्रोत व्यवस्थापन कलेज, खजुरा, बाँके र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, माडीचौर, रोल्पामा र बागमती प्रदेशको प्रादेशिक कोटा प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट, सिन्धुलीमा समाहित गरिएको छ। अन्य प्रादेशिक कोटाहरुलाई सम्वन्धित प्रदेशहरुमा रहेका आंगिक कलेजहरुमा समावेश गरिएको छ ।

**(११)** आवेदन फाराम भर्दा निम्नलिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी Online applicationसँगै बुझाउनु पर्नेछ ।

(क) आवेदन फाराम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति

(ख) नेपाली नागरिकताको प्रमाणपत्र

(ग) SEE वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र

(घ) प्रमाणपत्र तह र 10+2 को लब्धाङ्क पत्र

(ङ) समानस्तर निर्धारणको प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाहरुको हकमा)

(च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र ।

**(१२)** भर्ना हुदाँ सम्पूर्ण प्रमाणपत्रहरुको (नेपाली नागरिकताको प्रमाणपत्र, SLC/SEE परीक्षाको मार्कसिट तथा चारित्रिक प्रमाणपत्र, प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र, कक्षा ११ को लब्धाङ्क पत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र कोटाहरुमा नामावली प्रकाशित भएमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र) सक्कलै प्रतिहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ। साथै उक्त प्रमाणपत्रहरु (नेपाली नागरिकताको प्रमाणपत्र बाहेक) यस संकाय र अन्तर्गतका कलेजहरुमा पहिलो सेमेष्टर (First Semester) अवधिभर राखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । साथै माथि उल्लेखित कागजातपत्रहरु मध्ये कुनै नपुगेमा सो विद्यार्थीको भर्ना लिईनेछैन । प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**(१३) भर्ना हुँदा लाग्ने शुल्क** :

(क) भर्ना शुल्क रु.६,६००/-

(ख) पूर्ण शुल्कमा स्टाफ कोटा, UDF/CDF र स्थानीय कोटामा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु.२,९७,०००/- (दुई लाख सन्तानब्बे हजार मात्र) कायम गरिएको छ । उक्त शुल्क मध्येको पहिलो किस्ता रु.१,४८,५००/-(एक लाख अठ्चालिस हजार पाँच सय मात्र) पहिलो सेमेष्टरमा भर्ना हुँदा नै बुझाउनु पर्नेछ र दोस्रो किस्ता रु.१,४८,५००/-(एक लाख अठ्चालिस हजार पाँच सय मात्र) तेस्रो सेमेष्टरको भर्नाको समयमा बुझाउनु पर्नेछ ।

(१४) कृषि स्नातक (B. Sc. Ag.) तहमा भर्नाको लागि अपनाईने परामर्श (Counselling) कार्यविधि- २०७६ पद्धति अपनाई योग्यता क्रमसुची (मेरिट)को आधारमा भर्ना गरिनेछ। प्रवेश परीक्षाको नतिजा प्रकाशित भएपछि Counselling को कार्य तालिका प्रकाशित गरिनेछ।

(१५) आंगिक कलेजहरुमा भर्ना संख्याको ५०% भन्दा कम विद्यार्थी भर्ना भएमा ती विद्यार्थीहरुलाई कृषि संकायले निर्धारण गरेको मेरिटको आधारमा अन्य आंगिक कलेजहरुमा स्थानान्तरण गरि अध्यापन गराईनेछ।

(१६) सम्बन्धन प्राप्त कजेलहरुले कृषि संकाय, रामपुर र अन्य आंगिक कलेजहरुको भर्ना सकिए पश्चात् कृषि संकायद्धारा उपलब्ध गराईएको मेरिट लिस्टमा परेका विद्यार्थीहरुबाट Letter of Interest (LOI) लिई मेरिटको आधारमा भर्ना गर्नुपर्नेछ।

(१७) भर्ना सम्वन्धि सम्पूर्ण अधिकार कृषि संकाय, डीनको कार्यालयमा निहित रहनेछ।

(१८) छात्रावास क्षमता सिमित भएको कारणले भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको व्यवस्था गर्न संकाय वा कलेज प्रशासन बाध्य हुने छैन।

(१९) थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा प्राप्त गर्न सकिनेछ।

डीन

कृषि संकाय